# स्थानीय राजपत्र

**महागढीमाई नगरपालिका नगरकार्यापालिका द्धारा प्रकाशित**

## खण्ड ५ महागढीमाई,पौष-१४ गते २०७८ साल संख्या-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम महागढीमाई नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको महागढीमाई नगरपालिकामा साबिक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ सर्व-सधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**भाग-१**

**महागढीमाई नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई सेवा सुविधा तथा बढुवा स्तर वृद्धि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८**

**प्रस्तावना** ,

साविक स्थानीय निकायमा कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह महागढीमाई नगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई सेवा सुविधा र वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भएकोले साविक स्थानीय निकायबाट स्वत: समायोजन भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिम मापदण्ड बनाई सेवा सुविधा उपलब्ध गराई कर्मचारीको मनोबल उच्च बनाउनको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम महागढीमाई नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "महागढीमाई नगरपालिकामा साबिक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुलाई बढुवा, स्तर वृद्धि गरी सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, "२०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले यस ऐनको प्रयोजनका लागी साविक स्थानीय निकायहरु बाट स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८५ को उपदफा (३) बमोजिम स्थानीय तह महागढीमाई नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनु पर्दछ ।

(घ) "स्थानीय तह" भन्नाले महागढीमाई नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "न्यूनतम शैक्षिक" योग्यता भन्नाले प्रचलित कानून बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकिय" अधिकृत भन्नाले महागढीमाई नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्दछ ।

(छ) "सेवा सुविधा" भन्नाले साविक स्थानीय निकायहरुबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तह महागढीमाई नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीलाई यसै ऐन को दफा ४ बमोजिम उपलब्ध हुने तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेत लाई सम्झनु पर्दछ ।

**३. संगठन तथा कर्मचारी दरबन्दी :** (१) स्थानीय तहमा सेवा प्रवाहको लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी महागढीमाई नगरपालिकाको नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको सेवा सम्बन्धि व्यवस्था बमोजिम तह वृद्धि वा स्तर वृद्धि भएकाहरुको हकमा स्वतः दरबन्दी सृजना हुनेछ ।

**४. सेवा सुविधा उपलब्ध गराउने :** (१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक सेवा सुविधा उपलब्ध गराईने छ ।

(२) उपदफा (१) बमोजिमको सेवा सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्य सम्पादन मुल्याङ्कन समेतलाई अधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिम तह वृद्धि स्तर वा स्तर वृद्धि वा ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्य सम्पादन मुल्याङ्कन हुनु पर्ने छ ।

(४) उपदफा (१) बमोजिमको तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको अधारमा गर्नु पर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| का.स.,नगर प्रहरी, सवारी चालक (हलुका र हेभी) माली, सफाईकर्मी, फायरमैन | ५ वर्ष भन्दा कम ३ वर्ष भन्दा बढी स्थायी सेवा अवधि पुगेको . | सोही स्तरमा | १ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी अवधी भएको | एक स्तर वृद्धि | - |
| | पाचौ स्तरमा कार्यरत ५ वर्ष भन्दा बढी सेवा अवधी भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही स्तरमा | २ ग्रेड थप |
| | का.स.को हकमा दश वर्ष भन्दा बढी सेवा अवधि भएको र एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यता भएको । | सहायक स्तर चौथो तह | - |
| सहायक स्तर चौथो | ३ बर्ष पुरा सेवा अवधि भएको ५ वर्ष सेवा अवधि नभएको | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तहवृद्धि हुने |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको । | पाँचौ तह | |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| सहायक स्तर पाचौ | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्युनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| | ३ वर्ष पुरा सेवा अवधि भएको ५ वर्ष सेवा अवधि नभएको | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगेपछि एक तह वृद्धि हुने |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि भएको र आवश्यक न्युनतम शैक्षिक योग्यता हासिल गरेको । | अधिकृतस्तर छैठौं | - |
| अधिकृतस्तर छैठौं | अधिकृत स्तर छैठौं तहमा ३ वर्ष पुरा सेवा अवधि भएको ५ वर्ष सेवा अवधि नभएको । | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगेपछि एक तह वृद्धि हुन |
| | अधिकृत स्तरमा पाँच वर्ष भन्दा बढी सेवा अवधि भएको । | सातौं तहमा | |
| | | | |

| | | | |
|---|---|---|---|
| अधिकृतस्तर सातौं | ३ बर्ष पुरा सेवा अवधि भएको ५ बर्ष सेवा अवधि नभएको । | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगेपछि एक तह वृद्धि हुन |
| | | | |
| | पाँच बर्ष भन्दा बढी सेवा अवधि वा अधिकृतस्तरमा १० बर्ष भन्दा बढी सेवा अवधि पुरा भएको, न्युनतम शैक्षिक योग्यता भएको र सातौं तहमा कार्यरत रहेको । | आठौ तहमा | - |
| अधिकृतस्तर आठौं | ३ बर्ष सेवा अवधि भएको ५ बर्ष सेवा अवधि नभएको | सोही तहमा | १ ग्रेड थप |
| | न्युनतम शैक्षिक योग्यता भएको र सोही तहमा सेवा अवधि ५ बर्ष पुरा भएको वा अधिकृतस्तरमा कम्तीमा १५ बर्ष सेवा अवधि पुरा गरेको र आठौ तहमा कार्यरत रहेको । | नवौ तहमा | - |

५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा ४ बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएको तर एक तह मुनिको शैक्षिक योग्यता भएकोलाई सोही तहको स्थायी पदमा ९ बर्ष वा सो भन्दा बढी अवधी पुरागरेको भए एक पटकको लागी एक तह वृद्धि गरिने छ ।

६) यस उपदफा बमोजिम महागढीमाई नगरपालिका स्थानीय सेवा कर्मचारीलाई तह वृद्धि,स्तर वृद्धि गरी पदस्थापन गर्दा कायम हुने तलब निजले साबिक मा खाई पाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड वृद्धि गरी तलब मिलान गरिने छ ।

**५. सेवा सुविधा तथा तह वृद्धि सम्बन्धी पत्र उपलब्ध गराउने :** (१) यो ऐन बमोजिमको सेवा सुविधा तथा तह वृद्धि वा स्तर वृद्धि सम्बन्धी पत्र प्रमुख प्रशासकिय अधिकृतले उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको पत्र उपलब्ध गराउदा नगरसभाको मिति २०७८।०३।०९ गते को निर्णय बमोजिम प्रकिया पुरा भएको हकमा ऐन जारी भएका मितिले ७ दिन भित्र र सो बाहेक को हकमा दफा ४ को मापदण्ड पुरा गरी प्रक्रिया पुरा भएपछि पत्र उपलब्ध गराउनेछ ।

**६. बचाउ :** नगरपालिकाबाट मिति २०७८।०३।०९ मा कर्मचारीहरुलाई सेवा सुविधा उपलब्ध गराउने भनी भएको निर्णय यसै ऐन बमोजिम भएको मानिनेछ ।

**७. यसै ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानुन तथा स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

**प्रमाणिकरण मिति :**

**आज्ञाले**
महमद शेरे मुस्ताफा
**प्रमुख प्रशासकीय अधिकृत**